**सर्वोच्च अदालत, संयुक्त इजलास**
**सम्माननीय प्रधान न्यायाधीश श्री सुशीला कार्की**
**माननीय न्यायाधीश श्री जगदीश शर्मा पौडेल**
**आदेश**
**०७२-WH-००५८**
विषयः- **बन्दीप्रत्यक्षीकरण।**

मोरङ्ग विराटनगर उप महानगरपालिका वडा नं. ९ आदर्शटोल घर भई हाल केन्द्रिय कारागार कार्यालय जगन्नाथ देवल (महिला कारागार) काठमाडौंमा थुनामा रहेकी प्रतिभान्जली पराजुलीको हकमा निजकी छोरी का.जि. बुढानिलकण्ठ नगरपालिका वडा नं. ५ पासिकोट बस्ने आस्ना पराजुली.................................१ **निवेदक**

**विरुद्ध**

जिल्ला न्यायाधीश श्रीकृष्ण भट्टराई, भक्तपुर जिल्ला अदालत............................१
जिल्ला सरकारी वकिल कार्यालय, भक्तपुर...................................................१
केन्द्रिय कारागार कार्यालय जगन्नाथदेवल (महिला कारागार) काठमाडौं............१
प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, सिंहदरवार...................................१

**विपक्षी**

नेपालको संविधानको धारा ४६, १३३ बमोजिम यस अदालतमा पर्न आएको प्रस्तुत बन्दीप्रत्यक्षीकरणको रिट निवेदन सहितको सम्पूर्ण कागजातहरुको संक्षिप्त बेहोरा र ठहर यसप्रकार छः-

मिति २०२९ साल पौष २५ गते नेपाल राजपत्रमा प्रकाशित सूचना बमोजिम भक्तपुर जिल्ला साविक दिव्यश्वरी गा.वि.स. वडानं. ८(क) कि.नं. ४४२ जग्गाको क्षेत्रफलबाट क्षेत्रफल १-८-०-० जग्गा तत्कालिन श्री ५ को सरकार हाल नेपाल सरकार निर्माण तथा यातायात मन्त्रालय हवाई विभागको निमित्त सानो ठिमी रिसिभिङ्ग स्टेशनका निमित्त अधिग्रहण गर्ने निर्णय बमोजिम राजपत्रमा सूचना प्रकाशित भएको उक्त उल्लेखित कित्ता नं. को जग्गा समेतमा निकट भविष्यमा कार्य प्रारम्भ गर्ने भनी कुनै किसिमको वाली लगाउन नदिने भनी मिति

२०३२/८/८ मा तत्कालिन श्री ५ को सरकार निर्माण तथा यातायात मन्त्रालय, हवाई विभागले जिल्ला कार्यालय भक्तपुरलाई पत्राचार गरेको, अधिग्रहण गरिएका जग्गाको कित्ता नं. र क्षेत्रफल जोताहाको नामसमेतका मुआब्जा बुझेको तालिका हेरी लगत कट्टा गरी अधिग्रहण गरिएका जग्गाहरु यस विभागका नाउमा दर्ता गरी जग्गाधनी प्रमाणपूर्जा पठाइदिनु हुन भनी मिति २०४०/७/१० को हवाई विभागको पत्र रहेछ।

भक्तपुर साविक दिब्यश्वरी गा.वि.स. वडा नं. ८(क) को कि. नं. ४४२ को जग्गा क्षे.फ. मध्येबाट कित्ताकाट भई कि.नं. १३८१, १३८२, १३८३ कायम भएकोमा कि. नं. १३८३ कित्ताकाट भई कि.नं. १३८४ मा क्षे.फ. ०-४-०-० र कि.नं. १३८५ मा क्षे.फ. ०-१२-०-० मिति २०६७/२/२४ र मिति२०६७/३/१ मा कित्ताकाट भएको मिति २०७३/१/३० गते प्रमाणित कित्ताकाट (प्लट रजिष्टरको अभिलेख) बाट देखिएको जो मिसिल संलग्न रहेको छ।

नेपाल नागरिक उडयन प्राधिकरणले मिति २०७१/२/११ मा हालसम्म ज.ध. प्रमाणपूर्जा प्राप्त हुन नसकेकोले ज.ध. प्रमाणपूर्जा उपलब्ध गर्राईदिने पत्र व्यहोरा उक्त पत्रमा साविक कि. नं. ४४२ नं. उल्लेख भएको साथै मैले खरीद गरी बैंकमा धितो समेत राखेको जग्गा कच्चा भयो भनी कैलाश विकास बैंकले मिति २०७१/४/१४ मा खवर गरे पश्चात् उक्त जग्गा खरीद गर्दा आफुलाई झुक्यानमा पारी ठगी गरेको सम्बन्धमा केन्द्रिय अपराध अनुन्धान ब्युरो काठमाडौंमा उजुर गरेकोमा उक्त व्यूरोले मिति २०७१/५/१० गते च.नं. ५१३ बाट अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाएको र उक्त आयोगले पत्रमा प्रहरी परिशर भक्तपुरलाई लेखी पठाए पछि उक्त ठगी मुद्दा शुरु भएको हो।

भक्तपुर जिल्ला साविक दिव्यश्वरी गा.वि.स. वडा नं. ८(क) कि.नं. ४४२ जग्गा क्षेत्रफल १-८-०-० जग्गा रोक्कासमेत नभएको अवस्थामा मिति २०६७/१/२९ गतेको मा.पो.का. भक्तपुरको निर्णयले हरि बहादुर बकाजीको नामबाट हरिबहादुर श्रेष्ठको नाउमा नामसारी भई आएको उक्त कित्ताबाट कित्ताकाट भई कित्ता नं. १३८१, १३८२ क्रमशः जयराम श्रेष्ठ र कालीमाया श्रेष्ठलाई मिति २०६७/२/२४ मा विक्री गरी कि.नं. १३८३ बाँकी रहेकोमा कि.नं. १३८३ कित्ताकाट भई ०६७/३/१ मा कि.नं. १३८४ ०-४-० जग्गा बिक्री गरी रामकुमार खत्रीलाई दिई कि.नं. १३८५ को ०-१२-० बाँकी रहेकोमा सो जग्गा मिति २०६७/११/९ को मा.पो.का. भक्तपुरको निर्णय बमोजिम रामचन्द्र श्रेष्ठका नाउँमा

नामसारी भई उक्त कि.नं. १३८५ नं. को जग्गा मिति २०६८/२/१३ को राजिनामा बमोजिम हाल बन्दी अवस्थामा रहेकी प्रतिभान्जली पोखरेलका नाउँमा राजिनामा पारित भई आएकोमा मैले सी.आइ.वी. काठमाडौंमा गरेको उजुरी अनुसार नै अ.दु.अ.आ. को प्रत्रानुसार आफ्नो हकभोगमा नरहेको सरकारी जग्गा जानी जानी अन्य व्यक्तिलाई विक्री गरेको देखिएकोले उक्त कारोवार नितान्त ठगीको महल_अन्तर्गत पर्ने भएकोले कारवाही गर्नु भनी मिति २०७१/९/१३ गतेको पत्रानुसार नेपाल सरकार वादी तथा रामचन्द्र श्रेष्ठसमेत प्रतिवादी भएको मिति २०७१/११/१७ मा ठगी मुद्दा भक्तपुर जिल्ला अदालतमा दायर भएको छ।

उक्त मुद्दामा उल्लेखित कि.नं. ४४२ को जग्गासमेत अधिग्रहणमा परेको भन्ने सुनेको उक्त जग्गा रोक्का पनि नरहेको र मैले मुआब्जा पनि नपाएकोले बुबाको मृत्युपश्चात मेरो नाउमा नामसारी गरी खरीद गर्ने मानिस आएकोले अधिग्रहणमा परेको जानकारी नदिई प्रतिभान्जली पोखरेललाई विक्री गरेको हुँ भनी प्र. रामचन्द्र श्रेष्ठले अनुसन्धानमा बयान गरेको र अदालतमा पनि आफ्ना नाउमा नामसारी दर्ता भएको कहिंकतैबाट रोक्कासमेत नरहेको जग्गाविक्री गरेको हुं भन्ने समेत व्यहोराको बयान गरेको अवस्थामा प्रतिवादी रामचन्द्रले उक्त जग्गा अधिग्रहणमा परेको भनी जानकारी भएकोमा उक्त जग्गामा आफुले भोग चलनसमेत नगरी हवाई विभागले अन्यलाई ठेक्कामा दिएको अवस्थामा आफ्ना नाउँमा नामसारी गराई विक्री गरेकोले अ.वं. ११८(५)(१०) बमोजिम प्र.रामचन्द्र श्रेष्ठको हकमा रू.५०,०००/- (अक्षरेपी पचास हजार रुपैयाँ) धरौटी लिई मुद्दा पुर्पक्ष गराएको अवस्था रहेको र मिति २०७१/११/१७ मा दर्ता भएको उक्त मुल अभियोगमा पत्रबाट खुल्न आएका जग्गा खरिद गरी लिने प्रतिभान्जली पोखरेल समेतका व्यक्तिहरुको हकमा ठगीमा संलग्नता रहेको देखिन आएमा प्रतिवादी कायम गरी अ.वं. ८८ नं. बमोजिम पुरक अभियोग दायर गरिने व्यहोरा उल्लेख गरी अभियोगपत्र दायर भई सो मा बयान कार्य सम्पन्न गरी मिति २०७१/११/१९ गते थुनछेक कार्य सम्पन्न हुँदा निवेदिका जग्गा खरीद गरी लिने व्यक्तिका नाउमा अ.वं. १३९ नं. बमोजिम ७ दिने म्याद जारी गर्ने आदेश भएको हो।

सो बमोजिम सम्मानित भक्तपुर जिल्ला अदालतमा मिति २०७१/१२/९ मा उपस्थित भई अ.वं. १३९ नं. बमोजिम आफ्नो बयान गरी निवेदिकालाई उक्त ठगी अपराध कसूरमा संलग्न रहेको देखिन नआएको कारणले सो बयान कार्य सम्पन्न भए पश्चात् उक्त अदालतबाट कारणी सरह नदेखिएको भन्दै सोही दिन साधारण तारिखमा समेत नराखी उक्त मुद्दाबाट

निवेदकलाई उन्मुक्ती दिएको अवस्था रहेको छ। आफू ठगिएको व्यहोरा उल्लेख गरी महानगरीय प्रहरी परिसर भक्तपुरमा उजुरी दर्ता गराएकोमा हांल सोमा कुनै कारवाही भएको छैन र तत्पश्चात् जिल्ला प्रशासन कार्यालय भक्तपुरमार्फत उक्त व्यहोराको जाहेरी द.न. १८६०/२०७२/१२/२८ मा दर्ता गरि सोही मितिमा सो जाहेरीसमेत उक्त परिशरमा पठाई दर्ता भएकोमा सो समेत हाल विचाराधिन रहेको अवस्था छ।

यसरी मिति २०७१/११/१७ मा दर्ता भएको मुल अभियोग पत्र बमोजिम अदालतको कारवाहीको सिलसिलामा अ.वं. १३९ नं. वमोजिम म निवेदिकालाई बुझी बयान लिई कारणी सरह नदेखि तारेखमा समेत राख्न इन्कार गरी उक्त कसुर अपराधबाट भक्तपुर जिल्ला अदालतबाट मिति २०७१।१२।९ मा उन्मुक्ती दिई सकेपछि मलाई मिति २०७३/१/१२ मा पक्राउ गरी ०७३/१/१३ गते अनुसन्धानको वयान लिई पुनः म समेतलाई प्रतिवादी बनाई भक्तपुर जिल्ला अदालतमा मिति २०७३/२/६ गते पुरक अभियोग दर्ता भई उक्त अदालतमा मेरो बयान कार्यसमेत सम्पन्न भई उक्त अदालतबाट मिति २०७३/२/११ गते थुनछेक आदेश हुँदा अघि मूल मुद्दामा मलाई अ.वं. १३९ नं. बमोजिम बुझिएकोमा बयान कार्य समेत भई तारेखमा कारणी सरह राख्ने इन्कार गरिएको तथ्यलाई न्यायिक जानकारीमा लिई उक्त अ.वं. १३९ नं. बमोजिमको बयानमा उल्लेख भएको तथ्य समेतलाई थुनछेक आदेशको आधार बनाई मलाई पुर्पक्षका निमित्त थुनामा राख्ने आदेश गरिएकोले फौजदारी न्यायको सर्वमान्य सिद्धान्त, समान तथ्यको असमान विवेचना एवं नेपालको संविधान २०७२ को धारा १७, १८ र २० बमोजिम फौजदारी न्याय सम्बन्धी हकको संरक्षक नपाई प्रचलन संकटमा रहेको र स्वच्छ पुर्पक्षको सिद्धान्त एवं कानूनी शासनको प्रत्याभूती सम्बन्धी हक समेतमा आघात पर्नुका साथै दोहोरो खतराको सिद्धान्त विपरीत मुद्दा चलाइएकोले विपक्षीहरुको न्यायिक कारवाहीको आवरणमा गैर कानूनी कारवाही गरी थुनामा राखिएकोले बन्दीप्रत्यक्षीकरणको रिट जारी गरी थुनाबाट मुक्त गरी पाऊँ भन्ने रिट निवेदन।

यसमा के कसो भएको हो, निवेदकको मागबमोजिमको बन्दीप्रत्यक्षीकरणको आदेश किन जारी हुनुनपर्ने हो? आदेश जारी हुनु नपर्ने मनासिव आधार कारण र प्रमाण भए सोसमेत खुलाई सूचना म्याद प्राप्त भएका मितिले ३ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ सहित उपस्थित हुनु भनी निवेदनपत्र र यो आदेशको प्रतिलिपि समेत साथै

राखी विपक्षीहरुको नाममा सूचना म्याद जारी गरी लिखित जवाफ ~~परे वा अवधि व्यतित~~ भएपछि नियमानुसार पेश गर्नु भन्ने यस अदालतको आदेश।

नेपाल सरकारले तत्कालिन हवाई विभागको लागि अधिग्रहण गरेको भक्तपुर जिल्ला, साविक दिव्यश्वरी ८(क) कि.नं. ४४२ बाट कित्ता काट भई कायम हुन आएको किन नं. १३८५ को जग्गा बिक्री गरी ठगी गरेको मुद्दाको अनुसन्धानबाट खुल्न आएका मध्युपर ठिमी नगरपालिका वडा नं. ८ का सचिव पूर्णज्योति बज्राचार्य, सेतो कपडामा देखिएका श्यामबहादुर, रेष्टुरेण्टमा आएका मालपोत कार्यालय पियन, फाँटवाला, वडा कार्यालयको सिफारिस ल्याई जग्गाधनी दर्ता प्रमाणपुर्जाका प्रतिलिपि दिन मिल्छ भन्ने कर्मचारी, रजिष्ट्रेशन लिखतमा साक्षी बस्नेहरु, उक्त जग्गा खरिदकर्ता प्रतिभाञ्जली पोखरेल लगायतका व्यक्तिहरुको हकमा ठगीमा संलग्नता रहेको देखिन आएमा निजहरुसमेतलाई प्रतिवादी कायम गरी निजहरु उपर अ.वं. ८८ नं. बमोजिम पूरक अभियोगपत्र दायर गरिने भन्नेसमेत बेहोराको अभियोगपत्र दायर भएकोमा विपक्षी निवेदिका समेतलाई रु. ४९,००,०००।- बिगो कायम गरी सोही ऐनको सोही महलको ४ नं. बमोजिम कैद र जरिवाना हुन मागदावी लिई पूरक अभियोग पेश भएको रहेछ।

मैले जानी जानी अधिग्रहणमा परेको जग्गा हो भनी खरिद गरेको होइन। मैले यो जग्गाका बारेमा सबै कुरा सबैसँग र मालपोत कार्यालयका र नापी कार्यालय भक्तपुरका कर्मचारीहरुबाटसमेत बुझी मात्र खरिद गरेकी हुँ। साविक जग्गाधनीले के कसो गरेका थिए मलाई निजहरुले भनेका थिएनन् र उक्त खरिद गरेको अवस्थामा मलाई कहीं कतैबाट कुनै जानकारी एवं सूचनासमेत थाहा थिएन। मैले जग्गा पास गरी मेरा नाउँमा आएपछि मैले जग्गा लिएको ऋण लिएको रकमहरु लिएको तिर्न बुझाउनको लागि मैले उक्त जग्गालाई साविकमा अन्नपूर्ण फाइनान्स हाल कैलास विकास बैंकमा धितो राखी रु ४८ लाख ऋण लिएको थिएँ। बैंकले पनि मेरो कागजपत्र बुझी मालपोतमा उक्त जग्गालाई रोक्काको लागि पत्राचार गरी रोक्का राखी मात्र मलाई बैंकले धितो दिएको हो।

त्यही धितो बैंकले पछि मलाई बैंकले तपाईले बैंकलाई धितो दिएको जग्गा हवाई विभागको अधिग्रहणको रहेछ। उसले अधिग्रहण गरिएको हुँदा धितो वापत अर्को जग्गाघर जे छ ल्याउनु भनेपछि मैले उक्त बैंकको धितो वापत अर्को जग्गा दाजुभाइ पर्नेको जग्गा

मञ्जुरीनामा लिई बैंकलाई दिएको हुँ। त्यसपछि उक्त जग्गा कच्चा भएको जानकारी पाएपछि मैले भक्तपुर प्रहरी कार्यालयमा उजुरी लिखित लिई आएकीमा प्रहरी कार्यालय अन्तर्गत पर्दैन ठिमी प्रहरीले हेर्छ भन्नु भएकाले ठिमीले पनि मलाई तपाई ठगिएको प्रमाण के हो भनी सो प्रमाण लिई आउनु भनेकाले म फेरी मालपोत कार्यालय आयाँ र भरखर सरुवा भई आएका हाकिमलाई मैले खरिद्द गरेको जग्गाका बारे सबैकुरा जानकारी गराएको हुँदा निज हाकिमले मेरो श्रेस्तासमेत हेरी तपाई ठगिनु भएको छैन भन्ने जवाफ पाएपछि केही दिनपछि खोजतलास गर्दै जाँदा मलाई चित्त नबुझी मैले पुलिसको केन्द्रीय अनुसन्धान ब्यूरोबाट पत्ता लाग्छ भनी त्यहाँ गई उजुर गर्न जाँदा मैले खरिद गरेको जग्गाको प्रमाणपत्र सहितको उजुरीपत्र दर्ता गरें त्यहाँबाट जवाफ नआएपछि केही समयपछि अख्तियारमा उजुरीपत्र दिएकी थिएँ भन्ने व्यहोरा उल्लेख भएको देखिन्छ।

अ.वं. १३९ नं. बमोजिम बुझ्ने क्रममा मिति २०७१।१२।९ मा यस अदालतमा गरेको बयानमा "मैले खरिद गरेको जग्गा कहीं मैले हाल धितो राखी हस्तान्तरण गरेको छैन, मेरै नाममा छ" भनी तथ्य ढाँटेको अदालतलाई गुमराहमा पार्न खोजेको देखियो। सोही बयानको स.ज. ४ मा "जग्गा बिक्रीको लागि कान्तिपुर दैनिकमा बिक्रीकर्ताको नाम सहित निस्केको देखि फोन गर्दा श्याम भन्ने व्यक्तिले फोन उठाएर जग्गाको सम्बन्धमा थाहा पाएको" उल्लेख गरेकी प्रतिवादीले अदालतको मिति २०७३।२।९ को बयानको स.ज. ३ मा "यो जग्गा बिक्रीमा रहेछ भन्ने कुरा मेरो काठमाडौं पासिकोट बस्ने छिमेकी मोहन खड्का भन्नेले जानकारी दिएको" भनी तथ्यमा फरक पारी विरोधाभाषपूर्ण बेहोरा लेखाएको देखिन्छ भने मिति २०६८।२।१६ मा धितो बन्धक लिएको जग्गा अधिग्रहणमा परी कच्चा ठहरेकाले पुनः अर्को धितो माग भई मिति २०६८।१२।१६ मा धितो परिवर्तन गर्दा मात्र थाहा भएको जिकिर लिएकै भनाई विश्वास गर्ने हो भनेपनि यदि आफू ठगिएको भए तत्कालै ठग्ने व्यक्तिहरुउपर जाहेरी दिई कारवाहीको दायरामा ल्याउनुपर्नेमा नदिई चुप लागी बसेकोले पनि प्रतिवादीको भनाई विश्वासयोग्य देखिएन।

तसर्थ अ.वं. १३९ नं. को बयान, अनुसन्धानको क्रममा एवं अदालतमा बयान गर्दा निज प्रतिभाञ्जली पोखरेलले लेखाएका तथ्यहरु फरक पर्न गएको, जग्गा पारित हुनुभन्दा ४।५ दिन अगावै योजनावद्ध रुपमा जग्गा किन्ने कर्जाको लागी संयुक्त निवेदन हाली रकम

निकाली उक्त रकममध्ये जम्मा रु. २,५०,०००।- रकममात्र जग्गा बिक्री गर्ने भनिएका रामचन्द्र श्रेष्ठलाई दिई उक्त रकममध्ये पनि रु. १,७५,०००।- फिर्ता लगेको भनी रामचन्द्र श्रेष्ठ र श्यामसुन्दर श्रेष्ठले लेखाईदिएको बेहोरा समर्थित हुन आएकोले अभियोजन पक्षले लगाएको अभियोग मिसिल संलग्न तत्काल प्राप्त प्रमाणबाट खण्डित हुन नसकेको एवं यसै मुद्दाका अर्का प्रतिवादी सनराइज बैंकमा कार्यरत अरुण पराजुली प्रतिभाञ्जली पोखरेलका एकाघरका पति रहे भएका र निज प्रतिभाञ्जली पोखरेलका हरेक कार्यमा निजको उपस्थिति बराबरको सहयोग देखिन आएकोमा निजले अनुसन्धान कार्यमा सहयोग नगरी हाल फरार रहेको अवस्था समेतलाई विचार गर्दा प्रतिवादी प्रतिभाञ्जली पोखरेललाई अभियोग दावी बमोजिम कसूरदार होइनन् भन विश्वास गर्ने मनासिव आधार विद्यमान नदेखिएकोले निजलाई हाल धरौट वा जमानत लिई वा तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्न सकिने अवस्था विद्यमान नदेखिएकोले पछि थप प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी हाललाई मुलुकी ऐन अ.वं. ११८ को देहाय (२) नं. बमोजिम विपक्षी निवेदिका प्रतिभाञ्जली पोखरेललाई मुद्दा पुर्पक्षको लागि थुनामा राख्न पठाएको कार्य कानूनसम्मत नै हुँदा विपक्षी निवेदिकाको निवेदन खारेजभागी छ भन्ने जिल्ला न्यायाधीश श्री कृष्ण भट्टराई र भक्तपुर जिल्ला अदालतको लिखित जवाफ।

तत्कालिन हवाई विभागको लागि रिपिटिसन टावर तथा ट्रान्समिटिङ स्टेशन निर्माण गर्ने प्रयोजनको लागि नेपाल सरकारले २०२९ सालमा अधिग्रहण गरेको भक्तपुर जिल्ला, साविक दिव्यश्वरी गा.वि.स. ८(क) अन्तर्गत पर्ने कि.नं. ४४२ बाट कित्ताकाट भै हाल कायम हुन आएको कि.नं. १३८५ को जग्गा व्यक्तिले बिक्री गरी ठगी गरेको भन्ने विषयमा श्री महानगरिय प्रहरी परिसर भक्तपुरबाट सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ बमोजिम अनुसन्धान गरी ठगीको कसूरमा मुद्दा चलाउन भनी सोही ऐनको दफा १८ बमोजिम श्री जिल्ला सरकारी वकिल कार्यालय, भक्तपुरमा राय सहितको प्रतिवेदन पेश गरेकोले श्री जिल्ला सरकारी वकिल कार्यालय, भक्तपुरले उक्त कसूरमा संलग्न देखिएका रामचन्द्र श्रेष्ठसमेत उपर प्रतिवादी कायम गरी मिति २०७१।११।१७ मा श्री भक्तपुर जिल्ला अदालतमा ठगी मुद्दामा अभियोगपत्र दायर गरेको हो। तर विषयवस्तुको जटिलताको कारणले सो कसूरमा अन्य व्यक्तिहरुको हकमा पनि अनुसन्धान जारी राख्नुपर्ने देखिई अनुसन्धान जारी राख्नु भनी यस कार्यालयले श्री महानगरीय प्रहरी परिसर, भक्तपुरलाई सोही समयमा निर्देशन दिँदै सो कसूरमा अन्य व्यक्तिको

संलग्नता देखिन आएमा निजहरु उपर मुलुकी ऐन, अ.व. ८८ नं. बमोजिम पुरक अभियोगपत्र पेश गरिने बेहोरा समेत उल्लेख गरी श्री भक्तपुर जिल्ला अदालतमा उक्त अभियोगपत्र पेश भएको हो।

पुनः अनुसन्धानबाट सो कसूरमा रिट निवेदक प्रतिभाञ्जली पोखरेल लगायत अन्य व्यक्तिहरुको समेत संलग्नता रहेको देखिएको भनी श्री महानगरीय प्रहरी परिसर, भक्तपुरले श्री जिल्ला सरकारी वकिल कार्यालय भक्तपुरमा मिति २०७३।२।४ मा राय सहितको प्रतिवेदन पेश गरेकोले प्रस्तुत विषयमा रिट निवेदन प्रतिभाञ्जली पोखरेल समेत उपर जिल्ला सरकारी वकिल कार्यालय भक्तपुरबाट श्री भक्तपुर जिल्ला अदालतमा ठगी मुद्दामा पुरक अभियोगपत्र पेश गरिएको हो। यसरी पेश भएको उक्त ठगी मुद्दामा श्री भक्तपुर जिल्ला अदालतबाट मिति २०७३।२।६ मा थुनछेकमा आदेश भै निज रिट निवेदक सोही आदेश बमोजिम थुनामा रहेकोले प्रस्तुत रिट निवेदनमा यस कार्यालयलाई विपक्षी बनाउनुपर्ने कुनै आधार नभएकोले प्रस्तुत रिट निवेदन खारेज गरी पाऊँ भन्ने जिल्ला सरकारी वकिल कार्यालय भक्तपुरको लिखित जवाफ।

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका के कस्तो काम, कारवाही वा निर्णयबाट निवेदकको के कस्तो संवैधानिक तथा कानूनी हक अधिकारको हनन् भएको हो? त्यसको स्पष्ट रुपमा रिट निवेदनमा उल्लेखसम्म गर्न सकेको अवस्था छैन। प्रचलित कानूनी बमोजिम कार्य गर्ने अख्तियार प्राप्त अन्य निकाय एवं पदाधिकारीबाट भए गरेका काम कारवाही एवं निर्णय उपर समेत यस कार्यालयलाई विपक्षी बनाई रिट निवेदन दायर गर्न मिल्ने पनि हुँदैन। जहाँसम्म निवेदकलाई पक्राउ गरी भक्तपुर जिल्ला अदालतको आदेशले पुर्पक्षको सिलसिलामा केन्द्रीय कारागार, कार्यालय जगन्नाथ देवल काठमाडौंमा थुनामा राखिएको कुरा निवेदनमा नै उल्लेख भएको र सक्षम अदालतबाट भएको आदेशले कारवाहीको सिलसिलामा न्यायिक हिरासतमा रहेको कार्यलाई गैरकानूनी रुपमा थुनामा रहेको मान्न मिल्ने पनि हुँदैन। तसर्थ रिट खारेज गरी पाऊँ भन्ने प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखित जवाफ।

नियम बमोजिम मुद्दा पेशी सूचीमा चढी इजलाससमक्ष पेश हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकका तर्फबाट विद्वान वरिष्ठ अधिवक्ता श्री बद्रीबहादुर कार्की, विद्वान

अधिवक्ताद्वय श्री उद्धव के.सी., श्री रामबहादुर खड्काले समान तथ्यका बीचमा उही अदालतमा निराकरण भएको विवादको विषयमा पुनः फरक कोणबाट प्रवेश गरी समान तथ्यको असमान विवेचना गरी निवेदिकालाई पुर्पक्षको लागि थुनामा राख्ने गरी भएको आदेश प्राङन्यायको सिद्धान्तको वर्खिलाफ रहेको छ। एकै कसूरमा एक व्यक्तिलाई पटक-पटक कानूनी कारवाही गर्ने गरी दोहोरो खतराको सिद्धान्त बमोजिम प्राप्त संवैधानिक एवं कानूनी संरक्षण समेतबाट बन्चित हुने गरी थुनामा राख्ने आदेश भएको छ। निवेदिकालाई थुनामा राख्न पठाउने आदेश कानून बमोजिमको वस्तुनिष्ठ नभई नितान्त रुपमा आत्मनिष्ठ रहेको छ। उक्त आदेशले कानून बमोजिम बाहेक कुनै व्यक्तिको वैयक्तिक स्वतन्त्रता अपहरण गरिने छैन भनी नेपालको संविधानको धारा १७ द्वारा प्रदत्त वैयक्तिक स्वतन्त्रताको हक अपहरण हुन गएको छ। मूल अभियोगमा मूल प्रतिवादीलाई धरौटी तारेखमा राखिएकोमा अनधिकृत एवं हदम्यादसमेत नाघी दर्ता भएको पुरक अभियोगबाट न्यायिक हिरासतको नाउँमा गैरकानूनी रुपमा निवेदिकालाई थुनामा राखी कारवाही गर्नु कानूनको समान संरक्षणको सिद्धान्त विपरीत हुन्छ। उक्त आदेश नेपालको संविधानको धारा १७ एवं २०(६)(९) द्वारा प्रदत्त मौलिक हकको प्रतिकूल रहेको प्रष्ट छ। उक्त निराधार आदेश बदर घोषित गरी संविधानद्वारा निवेदकको संविधान प्रदत्त वैयक्तिक स्वतन्त्रताको हकको संरक्षण गरी निवेदिकालाई तत्काल विपक्षीको गैरकानूनी थुनाबाट मुक्त गर्नु भन्ने बन्दीप्रत्यक्षीकरणको आदेश जारी होस भन्ने समेत बहस प्रस्तुत गर्नुभयो।

त्यसैगरी विपक्षीतर्फबाट विद्वान उपन्यायाधिवक्ता श्री बालकृष्ण वाग्लेले रिट निवेदक प्रतिभाञ्जली पोखरेल लगायत अन्य व्यक्तिहरुको समेत संलग्नता रहेको ठगी मुद्दामा अनुसन्धान कार्य जारी रहेको र निजहरुको हकमा पछि पुरक अभियोगपत्र दायर हुने भनी उल्लेख भएकै थियो। अनुसन्धानबाट महानगरीय प्रहरी परिसर, भक्तपुरले जिल्ला सरकारी वकिल कार्यालय भक्तपुरमा राय सहितको प्रतिवेदन पेश गरे अनुरुप रिट निवेदक प्रतिभाञ्जली पोखरेल समेत उपर भक्तपुर जिल्ला अदालतमा ठगी मुद्दामा पुरक अभियोगपत्र पेश गरिएको हो। यसरी पेश भएको उक्त ठगी मुद्दामा भक्तपुर जिल्ला अदालतबाट मिति २०७३।२।६ मा थुनछेक आदेश भै उक्त आदेश बमोजिम निजलाई थुनामा राखिएको हो। अदालतको आदेश बमोजिम मुद्दा पुर्पक्षका लागि थुनामा रहेको अवस्थामा मुलुकी ऐन अ.बं. १७ नं.

बमोजिम पुनरावेदन अदालतमा जानु पर्नेमा वैकल्पिक उपचारको बाटो हुँदाहुँदै बन्दीप्रत्यक्षीकरणको रिट निवेदन दायर गरेको मिलेको नहुँदा उक्त झुठ्ठा रिट निवेदन खारेज गरीपाऊँ भनी प्रस्तुत गर्नुभएको बहस जिकिर समेत सुनियो।

उक्त बहस जिकिर समेत सुनी मिसिल संलग्न कागजातहरु समेत अध्ययन गरी हेर्दा प्रस्तुत रिट निवेदनमा निवेदन दावी अनुसारको बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुन सक्ने हो होइन भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो।

निर्णयतर्फ विचार गर्दा भक्तपुर जिल्ला, साविक दिव्यश्वरी गा.वि.स. ८क कि.नं. ४४२ जग्गा क्षेत्रफल १-८-०-० जग्गा रोक्का समेत नभएको अवस्थामा मिति २०६७।१।२९ गतेको मालपोत कार्यालय भक्तपुरको निर्णयले हरिबहादुर बकाजीको नाउँमा नामसारी भई आएको उक्त जग्गा कित्ताकाट भई कित्ता नं. १३८१, १३८२, १३८३ जयराम श्रेष्ठ लगायतका व्यक्तिको नाममा र कि.नं. १३८५ को जग्गा मिति २०६८।२।१३ मा हाल बन्दी अवस्थामा रहेको प्रतिभाञ्जली पोखरेलका नाउँमा राजीनामा पारित भई आएकोमा म निवेदकले केन्द्रीय अनुसन्धान ब्यूरो काठमाडौंमा गरेको ठगीको उजुरी अनुसार नै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आफ्नो हक भोगमा नरहेको सरकारी जग्गा जानी जानी अन्य व्यक्तिलाई विक्री गरेको देखिएकोले उक्त कारोबार नितान्त ठगीको महल अन्तर्गत पर्ने भएकोले कारवाही गर्नु भनी मिति २०७१।९।१३ को पत्र अनुसार नेपाल सरकार वादी तथा रामचन्द्र श्रेष्ठसमेत प्रतिवादी भएको मिति २०७१।११।१७ मा ठगी मुद्दा भक्तपुर जिल्ला अदालतमा दायर भएकोमा खरिद गर्ने प्रतिभाञ्जली पोखरेल ठगीमा संलग्नता नदेखिएको भनी निवेदकलाई उन्मुक्ति दिएको अवस्थामा मिति २०७३।१।१२ मा पक्राउ गरी मिति २०७३।१।१३ मा बयान लिई पुनः म समेतलाई प्रतिवादी बनाई भक्तपुर जिल्ला अदालतमा मिति २०७३।२।६ मा पुरक अभियोग दर्ता भई उक्त अदालतबाट निवेदकलाई थुनामा राख्ने आदेश गरिएको कार्य नेपालको संविधानको धारा १७, २०(६)(९) एवं दोहोरो खतरा सिद्धान्तको विपरीत रहेको हुँदा मिति २०७३।२।६ मा दायर भएको पुरक अभियोग गैरकानूनी आदेश लगायतको सम्पूर्ण कार्य बदर गरी निवेदकलाई तत्काल थुनाबाट मुक्त गर्नु भनी बन्दी प्रत्यक्षीकरणको आदेश जारी गरी पाऊँ भन्ने समेत बेहोराको रिट निवेदनमा विपक्षीहरु इन्कार रहेको पाइन्छ।

यस सन्दर्भमा न्यायिक कार्य सम्पादन गरेको सम्बन्धमा न्यायाधीश समेतलाई विपक्षी बनाई दायर हुन आएको निवेदनको सन्दर्भमा न्यायपालिका कस्तो संस्था हो र न्यायिक कार्य सम्पादन गर्ने न्यायाधीशलाई निजले सम्पादन गरेको न्यायिक कार्यको सम्बन्धमा निजउपर कुनै अड्डा अदालतमा उजुरी वा निवेदन वा मुद्दा दायर गर्न मिल्ने नमिल्ने सम्बन्धमा प्रष्ट हुनु सान्दर्भिक देखिन आएकोले सो सम्बन्धी उल्लेख गर्नु उपयुक्त देखिन आयो।

नागरिक अधिकार एवं मानव अधिकारको संरक्षण गर्न न्यायपालिका सक्षम र स्वतन्त्र हुनपर्छ भन्ने विश्वव्यापी मान्यता रहेको छ। स्वतन्त्र न्यायपालिकालाई कानूनी शासन र लोकतन्त्रको आधारशीलाको रुपमा लिइन्छ। समग्र न्यायप्रणाली मानव अधिकार, कानूनी शासन, न्यायका विश्वव्यापी मूल्य र मान्यतामा आधारित रहेको हुन्छ। निष्पक्ष, सहज, प्रभावकारी र छिटो छरितो, गुणस्तरीय न्याय जस्ता पक्षहरू न्यायालयप्रतिको जनविश्वास अभिवृद्धि गर्ने एवं न्यायिक स्वतन्त्रता तथा स्वतन्त्र र सक्षम न्याय प्रणालीका आधारभूत तत्व हुन्। न्यायपालिकाको प्रमुख कार्य नागरिक एवं मानव अधिकारको रक्षा गर्दै विवादित विषयमा संविधान, कानून र न्यायका मान्य सिद्धान्त बमोजिम निष्पक्ष रुपमा न्याय निरुपण गर्नु र कानूनको शासनको प्रत्याभूति गर्नु नै हो।

न्यायिक स्वतन्त्रता स्वच्छ सुनुवाई र कानूनको शासनको लागि अपरिहार्य हुन्छ। कानूनको शासन र स्वच्छ सुनुवाईको आधारभूत प्रत्याभूति नै न्यायिक स्वतन्त्रताको पूर्व शर्त हो। त्यसैले न्यायाधीशले व्यक्तिगत एवं संस्थागत रूपमा न्यायपालिकाको स्वतन्त्रता सुदृढ गर्न उदाहरणीय रूपमा क्रियाशील हुनु पर्दछ। न्यायिक स्वतन्त्रता अदालतले निष्पक्ष रूपमा कार्य सम्पादन गर्न आवश्यक शर्त हो। यस्तो स्वतन्त्रता संस्थागत (Institutional), कार्यगत (Functional) तथा परिस्थितिजन्य (Circumstantial) गरी तीन कोणबाट सुनिश्चित गरिनु पर्दछ। न्याय सम्पादनको जिम्मेवारी पाएको न्यायाधीशले कसैको दवाव र प्रभावमा नपरी निष्पक्ष न्याय प्रदान गर्न सक्ने वातावरणको सिर्जना गर्न न्यायपालिकाको संस्थागत, कार्यगत र परिस्थितिजन्य स्वतंन्त्रता अपरिहार्य ठानिन्छ। यस्तो स्वतन्त्रता न्यायकर्मीको रुपमा कार्य गर्ने न्यायाधीशले न्यायिक कार्य सम्पादन गरेको विषयमा निजउपर कुनै अड्डा अदालतमा उजुरी वा मुद्दा नगरिने, खासगरी उनीहरुको सेवाका शर्तहरु र पाउने सुविधा छुट्टै कानूनद्वारा व्यवस्थित हुनुपर्ने र त्यसका लागि कार्यपालिकाको मुख ताक्नु नपर्ने अवस्थाको सुनिश्चितता समेत हो।

साथै न्यायिक स्वतन्त्रता न्यायाधीशले न्याय सम्पादनको क्रममा उपयोग गर्ने संस्थागत स्वतन्त्रता र स्वायत्तताको व्यवहारिक प्रयोगबाट सुनिश्चित हुन्छ। यस्तो अवस्थामा मात्र न्यायाधीशले कानून र विवेकको प्रयोग गरी निष्पक्ष र निर्भिक रुपमा न्याय निरुपण गर्न सक्दछन्।

प्रस्तुत सन्दर्भमा न्यायिक स्वतन्त्रताको सम्बन्धमा *United Nations Basic Principles on the Independence of the Judiciary, 1985* को समेत अवलोकन हुनु उपयुक्त देखिन्छ। उक्त दस्तावेजमा न्यायिक स्वतान्त्रताको बारेमा " The independence of the judiciary shall be guaranteed by the State and enshrined in the Constitution or the law of the country. It is the duty of all governmental and other institutions to respect and observe the independence of the judiciary.[1] The judiciary shall decide matters before them impartially, on the basis of facts and in accordance with the law, without any restrictions, improper influences, inducements, pressures, threats or interferences, direct or indirect, from any quarter or for any reason" [2] भन्ने उल्लेख भएको छ। त्यसैगरी न्यायिक कार्य सम्पादनको सिलसिलामा गरेको कार्यबाट सिर्जना हुनसक्ने दायित्वबाट न्यायाधीशले उन्मूक्ति पाउने भन्ने समेत उक्त दस्ताबेजमा उल्लेख छ। सो दस्तावेजबमा "*Without prejudice to any disciplinary procedure or to any right of appeal or to compensation from the State, in accordance with national law, judges should enjoy* ***personal immunity*** *from civil suits for monetary damages for improper acts or omissions in the exercise of their judicial functions*" [3] भन्ने उल्लेख छ। न्यायाधीशले गरेको न्यायिक कार्यबाट न्यायाधीशले उन्मूक्ति पाउने भन्ने सम्बन्धमा Singhvi Declaration ले न्यायाधीशलाई न्यायिक कार्य सम्पादन गरेवापत व्यक्तिगत रुपमा मुद्दा लगाई निरुत्साहित गर्ने कार्यबाट उन्मुक्ति हुन्छ भन्ने उल्लेख गरेको छ।[4] त्यसैगरी ICJ को International Commission of Jurists को सन् २००७ को एक प्रतिवेदनमा "Judges shall be protected from the harassment of personal litigation against them in respect of their judicial functions and shall not be sued or prosecuted except under an authorization of an appropriate judicial authority"[5] भन्ने उल्लेख छ। तसर्थ United Nations Basic Principles on the Independence of the Judiciary, 1985

[1] Article 1, United Nations Basic Principles on the Independence of the Judiciary,1985
[2] Article 2, United Nations Basic Principles on the Independence of the Judiciary,1985
[3] Article 16, United Nations Basic Principles on the Independence of the Judiciary,1985
[4] *Independence of Judges and Lawyers*- Draft Universal Declaration Independence Justice "Singhvi Declaration" 1989, retrieved form <http://icj.wpengine.netdna-cdn.com>
5 International Commission of Jurists, https://www.icj.org

समेतको उक्त व्यबस्था अनुसार न्यायाधीशले सम्पादन गरेको न्यायिक कार्यको सम्बन्धमा पुनरावेदन गर्ने वा अनुशासनको कारबाही गर्ने बाहेक निजउपर कुनै अड्डा अदालतमा मुद्दा दायर गर्न मिल्ने देखिन आएन्।

अमेरिकी सर्वोच्च अदालतले न्यायिक कार्यमा न्यायाधीशले पाउने उन्मुक्तिको सम्बन्धमा *Bradley v. Fisher* को मुद्दामा "Judges of courts of record of superior or general jurisdiction are not liable to civil actions for their judicial acts, even when such acts are in excess of their jurisdiction, and are alleged to have been done maliciously or corruptly. A distinction as to their liability made between acts done by them in excess of their jurisdiction and acts done by them in the clear absence of all jurisdiction over the subject matter"[6] भनी एवं *Pierson v. Ray* को मुद्दामा "The judges are protected by absolute immunity when they act in a judicial capacity, even if they act unconstitutionally. If the threat of civil action lies in the background of litigation, so the argument goes, judges will be reluctant to exercise the discretion and judgment inherent in their position and vital to the effective operation of the judiciary"[7] भनी व्याख्या गरेको छ। तसर्थ न्यायाधीशहरुले न्यायिक कार्य सम्पादन गर्ने सिलसिलामा भए गरेको कार्यमा न्यायाधीशले पूर्ण उन्मुक्ति पाउने भन्ने स्थापित मान्यता रही आएको देखिन्छ।

स्वतन्त्र न्यायपालिकाको अवधारणालाई मूर्तरुप दिन न्यायाधीशको नियुक्ति, सरुवा, बर्खासी तथा सेवाका अन्य शर्तहरु स्वतन्त्र संवैधानिक निकायद्वारा हुनुपर्ने विश्वव्यापी मान्यता रही आएको छ। स्वतन्त्र न्यायपालिकाको सम्बन्धमा व्यवस्था गर्न बनेका विभिन्न अन्तर्राष्ट्रिय दस्तावेज एवं सन्धिहरुले समेत न्यायाधीशको नियुक्ति, सरुवा, कारवाही, बर्खासी, तथा सेवाका शर्तहरुको सम्वन्धमा छुट्टै स्वतन्त्र र सक्षम निकायबाट गर्ने प्रत्याभूति सदस्य राष्ट्रहरुको संविधान तथा कानूनमा नै गरिनुपर्ने उल्लेख गरेका छन्। यिनै विश्वव्यापी मान्यताहरुको अनुशरण गर्दै विभिन्न मुलुकमा विभिन्न तरिकाबाट न्यायाधीश नियुक्ति, सरुवा, वढुवा, अनुशासनको कारवाही तथा बर्खासीको अभ्यास गरिआएको पाइन्छ। Common Law System अपनाउने केही मुलुकहरूमा राष्ट्रप्रमुखबाट यो अभ्यास हुँदै आएको पाइन्छ भने Civil Law System का अनुयायी युरोपियन मुलुकहरु स्पेन तथा फ्रान्सको न्यायप्रणालीमा परिषदीय अवधारणा स्थापित छ। दक्षिण एशियाली मुलुकहरु पाकिस्तान तथा श्रीलंकाले समेत यस

6 Bradley v. Fisher, 80 U.S. 13 Wall. 335 335 (1871), retrieved from <https://supreme.justia.com>
7 Pierson v. Ray, 386 U.S. 547 (1967), retrieved from <https://supreme.justia.com>

अवधारणाको अनुशरण गरेका छन्। न्यायपालिकाको यही अवधारणालाई मूर्तरुप दिन नेपालको संविधानमा एउटा छुट्टै स्वतन्त्र निकायको रुपमा न्याय परिषद्को व्यबस्था गरिएको छ।

अदालतमा दर्ता भई पेश हुन आएका मुद्दा एवं निवेदनमा सुनुवाई गरी संविधान, कानून एवं न्यायका मान्य सिद्धान्त बमोजिम आदेश वा फैसला गर्नु न्यायाधीशको न्यायिक कार्य एवं जिम्मेवारी हो। मुद्दाको कुनै पक्षले आफूले चाहेबमोजिम आदेश वा फैसला इजलासबाट नभएकै आधारमा अदालत र न्यायाधीशलाई विपक्षी बनाई रिट निवेदन दिने र अदालतले पनि त्यस्तो निवेदनलाई दर्ता गरी इजलासमा पेश गरी न्यायाधीशलाई मुद्दाको पक्षको रुपमा प्रतिउत्तर वा लिखित जवाफ दिनुपर्ने वा मुद्दा खेप्नुपर्ने अवस्था आउनु न्यायिक स्वतन्त्रताको मर्म र मान्यता विपरित हुन्छ। न्यायाधीशले न्यायिक कार्य सम्पादनको रोहमा गरेको फैसला वा आदेशलाई लिएर असाधारण अधिकारक्षेत्र ग्रहण गरी त्यस्तो न्यायाधीशलाई विपक्षी बनाई मुद्दा गर्दै जाने हो भने न्यायाधीशले स्वतन्त्र र निष्पक्ष भएर काम गर्ने वातावरणको सिर्जना नहुने भई सम्पूर्ण न्यायिक प्रक्रियमा नकारात्मक असर पर्ने हुँदा मुद्दा वा निवेदन दर्ता हुँदाको बखत दर्ता गर्ने अधिकारीले राम्रोसँग जाँच गर्नु निजको प्रमुख जिम्मेवारी हो। साथै इजलासबाट प्रारम्भिक आदेश हुँदा समेत कस्ता विपक्षीका नाउँमा कारण देखाउ आदेश गर्नुपर्ने हो र कसका नाउँमा कारण देखाउ आदेश जारी गर्न नपर्ने हो सो समेतमा ध्यान पुऱ्याउनु पर्ने हुन्छ तर प्रस्तुत निवेदनमा सो विषयमा इजलासले विचार पुऱ्याएको देखिन आएन। यस्ता खालका कामकारवाही दोहोरिन नदिन मुद्दा एवं रिट दर्ता शाखाका दर्ता गर्ने अधिकारीले अदालतमा दर्ता गर्न ल्याएका उजुरी वा निवेदनमा विपक्षी बनाइएका व्यक्तिहरूको बारेमा अनिवार्य रूपमा थप ध्यान पुर्याउनुपर्ने आवश्यकता देखिएको छ।

नेपालको संविधानले न्यायाधीशको नियुक्ति, सरुवा, अनुशासन सम्बन्धी कारबाही, बर्खासी र न्याय प्रशासन सम्बन्धी अन्य कुराको सिफारिस गर्न वा परामर्श दिन न्याय परिषद्को स्थापना गरेको छ। न्याय प्रशासनको काममा न्याय परिषद्को भूमिकालाई बिशेष जिम्मेवारी रहने गरी नेपालको संविधानमा न्याय परिषद्को कार्य क्षेत्र तोकिएको छ। नेपालको सन्दर्भमा न्यायाधीशले सम्पादन गरेको न्यायिक कार्यमा कुनै गल्ती वा त्रुटि भएको रहेछ भने सो कार्यउपर माथिल्लो अदालतमा पुनरावेदन लाग्ने संवैधानिक एवं कानूनी व्यबस्था रहेको एवं

न्यायाधीशलाई कारवाही गर्नु पर्ने भएमा कारवाही गर्न नेपालको संविधानले न्याय परिषद्को व्यवस्था गरेको छ। तसर्थ न्यायाधीशले सम्पादन गरेको न्यायिक कार्यको विषयमा माथिल्लो अदालतमा पुनरावेदन लाग्ने र न्याय परिषद्ले आवश्यक कारवाही गरी सजाय गर्न सक्ने तर अड्डा अदालतमा न्यायाधीशउपर उजुरी वा मुद्दा दायर हुन सक्ने संवैधानिक एवं कानूनी व्यबस्था रहेको देखिँदैन।

उल्लेखित तथ्य, संवैधानिक एवं कानूनी व्यबस्था, न्यायिक स्वतन्त्रता सम्बन्धी विश्वव्यापी मान्यता समेतको आधारमा स्वतन्त्र न्यायपालिकाको एउटा महत्त्वपूर्ण अवयवको रुपमा न्यायाधीशको पद रहने भई न्यायिक कार्य गर्न स्वतन्त्र रहने एवं न्यायाधीशले गरेको न्यायिक कार्य माथिल्लो अदालतबाट पुनरावेदनको रोहमा परीक्षण हुन र अनुशासनमा कारवाही हुन सक्ने तर सो सम्बन्धमा न्यायाधीशउपर कुनै अड्डा अदालतमा उजुरी वा मुद्दा दायर गर्न मिल्ने देखिँदैन। तसर्थ न्यायाधीशले सम्पादन गरेको न्यायिक कार्यको सम्बन्धमा नेपालको संविधान एवं न्याय परिषद् ऐन एवं अन्य प्रचलित कानून अनुसार माथिल्लो तहको अदालतमा पुनरावेदन लाग्ने एवं न्याय परिषद्ले अनुशासनमा कारवाही गर्ने बाहेक न्यायाधीशउपर निजले गरेको न्यायिक कार्यको सम्बन्धमा कुनै अड्डा अदालतमा उजुरी वा मुद्दा दायर गर्ने कार्य स्वतन्त्र न्यायपालिकाको सिद्धान्त, अवधारणा, विश्वव्यापि मान्यता एवं मर्मको समेत प्रतिकूल हुने हुँदा न्यायाधीशले गरेको न्यायिक कार्यको सम्बन्धमा निजउपर विपक्षी बनाई कुनै अड्डा अदालतमा उजुरी, निवेदन वा मुद्दा दायर गर्न मिल्ने देखिन आएन।

अब *निवेदन माग बमोजिमको आदेश जारी हुने वा नहुने* भन्ने सम्बन्धमा विचार गर्दा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्दा थुनाको कारण कानून संगत छ छैन, थुनामा राख्ने अधिकारीको कानूनी अख्तियारी छ छैन, अख्तियारवालाको आदेशले थुनामा राखिएको हो होइन, थुनामा राख्दा कानूनी कार्यविधि पुरा गरेको छ छैन, जुन कानूनको आधारमा थुनामा राखिएको हो सो कानूनको संवैधानिकता छ छैन भन्ने जस्ता विषयमा गहन रुपमा विचार गर्नु पर्ने हुन्छ। प्रस्तुत निवेदनमा नेपालको संविधानको धारा २०(१) बमोजिम निवेदिकालाई पक्राउ भएको कारण सहितको सूचना सहितको पक्राउ पुर्जी *सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९* को दफा १४(१)(४) बमोजिम दिई ऐ. को १५(२) बमोजिम म्याद थपको अनुमतिको प्रयोजनार्थ अदालतमा उपस्थित गराउँदाका बखतसमेत निवेदक तर्फबाट कानून व्यवसायी उपस्थित भई

म्याद थपको औचित्यताको सम्बन्धमा इजलासमा पटक-पटक बहस भई अदालतबाट अनुसन्धानको क्रममा ऐ. ऐनको दफा १५(४) बमोजिम सन्तोषजनक रुपमा तहकिकात भएको देखिएकोले पटक-पटक म्याद थपको अनुमति पाई अनुसन्धान कार्य समाप्त भएपछि पश्चात अभियोगपत्रसाथ थुनछेकको प्रयोजनको लागि अदालतमा पेश भएको देखिन्छ। तसर्थ प्रस्तुत निवेदनमा अदालतबाट कानूनी प्रक्रिया पुरा गरी पटक-पटक म्याद थप गरी थुनछेकको क्रममा रिट निवेदकलाई थुनामा राख्ने आदेश जारी भएको र सोही आदेशको आधारमा निवेदकलाई थुनामा राखेको देखिन आएकोले निवेदन मागबमोजिमको आदेश जारी हुने अबस्थाको विद्यमानता रहेको देखिन आएन।

साथै निवेदकले अनुसन्धानको क्रममा हिरासतमा रहँदाकै बखत संविधानको धारा २०(२) ले प्रत्याभूत गरेको आफूले रोजेको कानून व्यवसायीद्वारा पुर्पक्ष गर्ने हक पूर्ण रुपमा उपभोग गरेको अवस्था छ। यदि गैरकानूनी रुपमा थुनामा राखेको अवस्था भए उसैबखत अदालतमा निवेदन दिन सक्ने र गैरकानूनी देखिएमा अदालतबाट म्याद नै थप नहुने अबस्था हुन सक्थ्यो तर निवेदकले सो सम्बन्धमा अदालतमा चुनौति दिने कानूनी बाटो अवलम्बन नगरी चित्त बुझाई बसेको देखिन्छ। त्यसैगरी अदालतमा अभियोगपत्र दायर भई थुनछेकको प्रयोजनको लागि भएको आदेशमा चित्त नबुझेको अवस्थामा बैकल्पिक उपचारको रुपमा रहेको मुलुकी ऐन अ.वं. १७ नं. को कानूनी मार्ग अवलम्बन गरी माथिल्लो अदालतमा निवेदन दिन सक्ने उपचारको मार्ग निवेदकसँग रहेकोमा सो उपचारको अवलम्बन नगरी आदेश गर्ने न्यायाधीश एवं अदालत समेतलाई विपक्षी बनाई यस अदालतको असाधारण अधिकारक्षेत्र अन्तर्गत अदालत प्रवेश गर्नु र रिट दर्ता गर्ने अधिकारीले समेत यस्तो गम्भीर विषयमा उदासिन रही निवेदन दर्ता गर्नु रिट विधिशास्त्रीय मान्यता, स्वतन्त्र न्यायपालिकाको मर्म एवं नेपालको संविधानको धारा १३३(२) एवं मुलुकी ऐन अ.वं. १७ नं. समेतको प्रतिकूल रहेको देखियो। तसर्थ पुनरावेदकीय क्षेत्राधिकारको बैकल्पिक उपचारको बाटो अबलम्बन नगरी असाधारण अधिकारक्षेत्र अन्तर्गत बन्दीप्रत्यक्षीकरण निवेदन लिई अदालत प्रवेश गर्नु संविधान, कानून एवं विधिशास्त्रीय मान्यता समेतको प्रतिकूल हुने देखिन आएकोले निवेदन मागबमोजिमको बन्दीप्रत्यक्षीकरण आदेश जारी हुने अवस्था देखिन आएन।

अतः उल्लिखित तथ्य एवं विवेचना समेतबाट रिट निवेदकलाई प्राप्त वैकल्पिक उपचारको मार्ग अवलम्बन नगरी यस अदालतको असाधारण क्षेत्राधिकार अन्तर्गत प्रवेश गरेको कार्य रिटको सैद्धान्तिक अवधारणा समेतको विपरीत रहेको र निवेदकलाई अदालतको आदेशानुसार कानूनबमोजिम थुनामा राखेको देखिन आएकोले निवेदन माग बमोजिमको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता रहेको देखिएन। रिट निवेदन खारेज हुने ठहर्छ। तथापि न्यायाधीशले गरेको न्यायिक कार्यको सम्बन्धमा न्यायाधीशलाई व्यक्तिगत रुपमा विपक्षी बनाई कुनै अड्डा अदालतमा उजुरी वा मुद्दा दर्ता गर्नु न्यायिक स्वतन्त्रताको अवधारणा एवं मर्म विपरित हुने भएकोले अबउप्रान्त न्यायाधीशले गरेको न्यायिक कार्यको सम्बन्धमा न्यायाधीशलाई विपक्षी बनाई कुनै अड्डा अदालतमा निवेदन, उजुरी वा मुद्दा दर्ता नगर्नु, नगराउनु र सोही बमोजिमको परिपत्र मातहतका न्यायिक तथा अर्धन्यायिक निकायका अधिकारीहरुलाई समेत गर्नू भनी यस अदालतका रजिस्ट्रारका नाममा निर्देशनात्मक आदेश समेत जारी हुने ठहर्छ। प्रस्तुत निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाइदिनू।

प्रधानन्यायाधीश

उक्त रायमा सहमत छु।

न्यायाधीश

सम्वत् २०७३ असार महिना ५ गते रोज १शुभम्.......................................।
इजलास अधिकृत: रामप्रसाद बस्याल
कम्प्यूटर सेटिङः विकेश गुरागाई